विशेष अदालत
काठमाण्डौं
२०५९

# विशेष अदालत, काठमाडौं

## प्रेस विज्ञप्ति

संवत् २०५९ भाद्र ६ गते विशेष अदालतको गठन भएको हो। यो अदालतले ५ प्रकारका मुद्दाको सुनुवाई, कारवाही र किनारा गर्दछ, जसमा (१) गैर कानूनी सम्पत्ति, (२) घुस रिसवत, (३) निर्णयगत अनियमितता, (४) नक्कली प्रमाणपत्र र (५) सम्पत्ति शुद्धीकरणका मुद्दाहरू हेर्दछ। यस अदालतको क्षेत्राधिकारभित्र ७७ वटै जिल्ला पर्दछन्। राष्ट्र सेवकको परिभाषाभित्र पर्ने सार्वजनिक पदाधिकारी र उनीहरूसँग जोडिएर आउने व्यक्तिहरू विरुद्ध भ्रष्टाचार मुद्दा चल्न सक्दछ।

विगत २१ वर्षको इतिहासमा यस अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र २०६४ सालपछि आएर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले दायर गरेका मुद्दाहरू सुनुवाई गर्दै आएको छ। गत आर्थिक वर्ष २०८०।०८१ मा ३५९ थान मुद्दा जिम्मेवारी सरी आएको थियो। विगतको सो लगत र यो वर्ष थप २१६ थान मुद्दा दायर भएका छन्। आजका दिनसम्म जम्मा ५७५ थान मुद्दाको लगत रहेकोमा आजका मितिसम्म ५०६ थान अर्थात ८८ प्रतिशत मुद्दा यो आ.व.मा फछ्र्यौट गरिएको छ।

२१ वर्षको न्यायिक इतिहासम यो एउटा ऐतिहासिक उपलब्धि हो। विशेष अदालत ऐन, २०५९ को दफा १६ ले मुद्दाको कारवाही र किनारा सामान्यतयाः ६ महिनाभित्र गर्नु पर्नेछ भनेको छ। हामीले ऐनमा भएको यो व्यवस्था लागू गर्नुपर्छ भन्ने प्रतिबद्धताका साथ काम गर्‍यौं र उपलब्धि पनि हासिल गर्‍यौं। यो उपलब्धि त्यसै प्राप्त भएको होइन। त्यसमा बार, सरकारी वकील, मुद्दाका पक्ष र सबै सरोकारवालाको उत्तिकै महत्त्वपूर्ण योगदान रहेको छ। सबैभन्दा महत्वपूर्ण यस अदालतको टिमवर्क, न्यायाधीश र कर्मचारीको अहोरात्र खटाइले गर्दा यो सफलता मिलेको छ। यसका लागि सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

हाम्रो यो टिमले २०८० मङ्सिर १८ गतेबाट कार्य प्रारम्भ गरेको हो। हामी हाजिर भएको मङ्सिर १८ गतेका दिनसम्म जम्मा लगत ३२८ थियो। त्यसमध्ये २ वर्ष नाघेका मुद्दा ७४ थिए। अघिल्लो टिमले १०४ थान मुद्दा छिनेको थियो। आजका दिनसम्म जम्मा दर्ता २१६ रहेकोमा ५०६ थान फछ्र्यौट भएको छ। जम्मा ६९ थान मुद्दा मात्र छिन्न बाँकी रहेको अवस्था छ। यो भनेको लक्ष्यको ११४.२२ प्रतिशत र जम्मा लगतको ८८ प्रतिशत उपलब्धि हो

विशेष अदालत
काठमाण्डौं
२०५९

१. यस आ.व. को दर्ता र फछ्यौंट अनुमान

| जिम्मेवारी सरेको | दर्ता अनुमान | दर्ता भएको | जम्मा लगत | फछ्यौंट लक्ष्य | फछ्यौंट भएको | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३५९ | १६८ | २१६ | ५७५ | ४४३ | ५०६ | ११४.२२ |

२. विशेष अदालतमा दर्ता भएका मुद्दाको विगत १० वर्षको तुलनात्मक अवस्थाः

| आ.व. | जम्मा लगत | फछ्यौंट | फछ्यौंट प्रतिशत | बाँकी |
|---|---|---|---|---|
| २०७०/०७१ | ३४७ | १४३ | ४१.२१ | २०४ |
| २०७१/०७२ | ५२३ | २१० | ४०.१५ | ३१३ |
| २०७२/०७३ | ४७२ | २२८ | ४८.३० | २४४ |
| २०७३/०७४ | ४१४ | १८२ | ४३.९६ | २३२ |
| २०७४/०७५ | ४२९ | १७६ | ४१.०२ | २५३ |
| २०७५/०७६ | ६२३ | २३० | ३६.९१ | ३९३ |
| २०७६/०७७ | ८४३ | १७८ | २१.११ | ६६५ |
| २०७७/०७८ | ७९२ | १३५ | १७.०४ | ६५७ |
| २०७८/०७८ | ७९२ | ३३९ | ४२.८० | ४५३ |
| २०७९/०८० | ६२९ | २७० | ४२.९२ | ३५९ |
| २०८०/०८१ | ५७५ | ५०६ | ८८ | ६९ |

३. मुद्दाको अवधिगत लगत, फछ्यौंट र बाँकीको विवरणः

| मुद्दाको उमेर | जम्मा लगत | फछ्यौंट | बाँकी | कैफियत |
|---|---|---|---|---|
| २ वर्ष नाघेका | १९९ | १९९ | ० | |
| १८ महिनादेखि २ वर्षसम्म | ६२ | ६२ | ० | |
| १ वर्षदेखि १८ महिनाभित्र | ९८ | ९८ | ० | |
| ६ महिनादेखि १ वर्षसम्म | ८६ | ८६ | ० | |
| ६ महिनाभित्रको | १३० | ६१ | ६९ | |
| जम्माः | ५७५ | ५०६ | ६९ | |
| फछ्यौंट भएका ६ महिना नाघेका जम्मा मुद्दा | ४४५ | ४४५ | ० | |

विशेष अदालत
काठमाण्डौं
२०५९

४. मुद्दाको प्रकृतिअनुसारको विवरण :

| क्र. सं. | मुद्दाको प्रकृति | लगत | जम्मा फछ्यौंट | ठहर | आंशिक ठहर | सफाइ | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | गैरकानूनी सम्पत्ति | ३९ | ३५ | ८ | १ | २६ | ४ | |
| २. | घुस रिसवत | ११५ | १०८ | ५५ | २६ | २७ | ७ | |
| ३. | निर्णयगत अनियमितता | ३४७ | ३०४ | ५५ | ७० | १७९ | ४३ | |
| ४. | नक्कली प्रमाणपत्र | ४० | २७ | २४ | ० | ३ | १३ | |
| ५. | सम्पत्ति शुद्धीकरण | ३४ | ३२ | १७ | ७ | ८ | २ | |
| | जम्मा: | ५७५ | ५०६ | १५९ | १०४ | २४३ | ६९ | |

५. अघिल्लो आ.व. बाट जमेमेवारी सरी आएका मध्ये २ वर्ष नाघेका १९९ मध्ये अवधिगत विवरण

| क्र.सं. | अवधि | मुद्दा सङ्ख्या |
|---|---|---|
| १ | ५ वर्ष नाघेका | २ |
| २ | ४ वर्ष नाघेका | ६६ |
| ३ | ३ वर्ष नाघेका | ३८ |
| ४ | २ वर्ष नाघेका | ९३ |

६. यस आ.व.मा फछ्यौंट भएका चर्चित मुद्दाको सूची:

| क्र.स. | मुद्दा नं. | मुद्दा | फैसला मिति |
|---|---|---|---|
| १ | ०७५-CR-००८८ | सम्पत्ति शुद्धीकरण (राज्य विरुद्धको अपराध ,समसुल होदा समेत) | २०८०/०८/२८ |
| २ | ०७६-CR-०२७५ | सरकारी जग्गा व्यक्तिका नाममा दर्ता (ललिता निवास) | २०८०/११/०३ |
| ३ | ०७८-CR-००५५ | गैरकानूनी सम्पत्ति आर्जन (रामकुमार श्रेष्ठ पूर्व मन्त्री) | २०८०/०६/०८ |
| ४ | ०७८-CR-००८३/००८४/००८५ | सरकारी जग्गा व्यक्तिको नाममा दर्ता (कन्चनपुर नगर विकास समिति) | २०८१/०१/२४ |
| ५ | ०७९-CR-०००५/०००६ | साइकल खरिदमा अनियममितता (मधेश प्रदेश) | २०८०/१०/११ |
| ६ | ०७९-CR-००२२ | सम्पत्ति शुद्धीकरण (इच्छाराज | २०८०/१०/२१ |

विशेष अदालत
काठमाण्डौ

| | | | |
|---|---|---|---|
| | | तामाङ्ग) | |
| ७ | ०७९-CR-०१२४ | सेक्युरिटी प्रेस खरिदमा अनियमितता (विकल पौडेल समेत) | २०८१/०२/०८ |
| ८ | ०८०-CR-००४७ | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी (पशुपतिको जलहरी) | २०८१/०१/१८ |
| ९ | ०८०-CR-००४८ | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी (National Payment Gateway) | २०८१/०१/२५ |
| १० | ०८०-CR-००५३ | हिनामिना (सर्प पालन) | २०८१/०३/२५ |
| ११ | ०७७-CR-०१०३ | सम्पत्ति शुद्धीकरण (पंकज जोशी) | २०८०/०९/२५ |

७. विशेष अदालतमा दायर भएका चालु आ.व.मा रहेका चर्चित मुद्दाको सूची

| क्र.स. | मुद्दा नं. | मुद्दा | दर्ता मिति |
|---|---|---|---|
| १ | ०८०-CR-००९८ | गैरकानूनी रुपमा जग्गा दर्ता समेत (टिकापुर नगरको जग्गा) | २०८०/१०/२५ |
| २ | ०८०-CR-०१०६ | हानिकोन्सानी (मेलम्ची खानेपानी) | २०८०/११/०६ |
| ३ | ०८०-CR-०१११/०११२ | सरकारी जग्गा व्यक्तिका नाममा दर्ता (झापा दमक) | २०८०/११/१३ |
| ४ | ०८०-CR-०१४१ | गैरकानूनी लाभहानि (MDMS) | २०८०/१२/२५ |
| ५ | ०८०-CR-०१४५ | हानिनोक्सानी (वाइटबडी) | २०८०/१२/२२ |
| ६ | ०८०-Cr-०१७२ | गैरकानूनी लाभहानि ( सेक्युरिटी प्रेस विकल पौडेल) | २०८१/०१/३० |
| ७ | ०८०-Cr-०१८१-०१८५ | राजस्व चुहावट (गोदावरी नगरपालिका) | २०८१/०२/२१ |
| ८ | ०८०-Cr-०१९० | हानिनोक्सानी (भरत ताल) | २०८१/०२/२९ |
| ९ | ०८०-CR-०१९६ | हानिनोक्सानी (वैकुण्ठ अर्याल समेत अन्तशुल्क स्टिकर) | २०८१/०३/०९ |

८. विशेष अदालतमा दायर भएका मुद्दा मध्ये सबैभन्दा पुरानो मुद्दा भनेको मिति ०७५-CR-००८८ मा दर्ता भएको सम्पत्ति शुद्धीकरण मुद्दा थियो। अव ६ महिना नाघेका कुनै पनि मुद्दा यस अदालतमा छैनन्।

विशेष अदालत
काठमाण्डौ

छिन्न बाँकी मुद्दाको विवरण यसप्रकार छ। छिन्न बाँकी मुद्दाको उमेरगत विवरण यस प्रकार छ।

| क.स. | साल | दर्ता भएको महिना | मुद्दा (थान) |
|---|---|---|---|
| १ | २०८० | माघ | २ |
| २ | | फागुन | ५ |
| ३ | | चैत | १३ |
| ४ | २०८१ | वैशाख | ९ |
| ५ | | जेठ | १९ |
| ६ | | असार | २१ |
| | | जम्मा | ६९ |

९. मुद्दा व्यवस्थापनमा सुधार ल्याउन अपनाइएका विशेष कार्यक्रमहरू

- ६ महिना नाघेका मुद्दा शून्य गर्ने लक्ष्य प्राप्ति
- बुझ्नुपर्ने प्रमाण एकै पटक बुझ्ने गरिएको
- ठूला मुद्दाहरूमा Pre-Trial Conference लागू गरिएको
- सरोकारवालाहरूसँग नियमित छलफल र अन्तरक्रिया भएको
- कर्मचारीहरूको क्षमता विकास कार्यक्रम गरिएको
- स्वेच्छिक कानूनी सहायता (प्रो-बोनो) को उपलब्ध गराइएको

१०. न्यायमा पहुँचका लागि अदालतबाट भएका महत्त्वपूर्ण कार्यहरू

- श्रव्यदृश्य संवाद Video Conferencing मार्फत मुद्दाको सुनुवाइ
- देश/विदेशबाट बयान, बकपत्र तथा बहस गर्न सकिने सुविधा
- पायक पर्ने जिल्लाबाट थुनछेक बयान गर्न सकिने सुविधा
- मुद्दाको कारवाहीको जानकारी वेभसाइटबाट दिइने
- फैसला वेवसाइटमार्फत अपलोड र सार्वजनिकीकरण
- पायक पर्ने अदालतबाट अनलाइन तारेखको व्यवस्था
- बहस छलफलको लाइभ प्रशारण
- पक्षहरूलाई एसएसएमबाट मुद्दाको जानकारी
- साक्षी र विशेषज्ञको श्रव्यदृश्य संवादबाट बकपत्र
- असक्षम तथा अशक्त पक्षका लागि घरबाटै बयान, बकपत्र गराउन सुविधा

विशेष अदालत
काठमाडौं

११. सेवा प्रवाहमा प्रभावकारिता, सुशासन, अभिबृद्धि र न्यायमा पहुँच अभिबृद्धिका लागि सञ्चालित कार्यक्रमहरू

- नागरिक वडापत्र
- अदालतबाट दिइने सेवाको सूची
- अदालतभित्रै बैंङ्किङ सुविधा
- निशुल्क रुपमा Templates हरू उपलब्ध
- विशेष अदालतबाट भएका फैसलाहरूको सँगालो, २०८१ प्रकाशन
- अदालतका प्रवक्ता र सूचना अधिकारीमार्फत जानकारी
- गुनासो पेटिका र गुनासोको सम्बोधन
- सहायता कक्षको व्यवस्था
- सेवाग्राहीको लागि फरकफरक प्रवेश पासको व्यवस्थाः (रातो, हरियो र पहेँलो प्रवेश पास)
- सरकारी वकिल र विशेष अदालत बार कक्ष स्थापना
- सेवाग्राहीका लागि पिउने पानीको प्रबन्ध
- प्रतीक्षालय तथा बस्ने बेन्चको व्यवस्थापन
- अदालत परिसरको सौन्दर्यीकरण
- Meet the Press
- Meet the Judge
- सेनिटरी प्याड तथा प्राथमिक उपचार कक्षको व्यवस्था
- मोबायल चार्जिङ स्टेसन तथा फ्री वाइफाइको व्यवस्था
- सिसिटिभिबाट अनुगमन
- पूर्ण कदको न्यायकी प्रतिमूर्तिको स्थापना
- सरोकारवाला निकायसँग निरन्तर सहकार्य, समन्वय र सहजीकरण

१२. अन्य सुधारका कार्यहरू

- मासिक खर्चको विवरण वेवसाइटमा सार्वजनिक
- दण्ड जरिवानाको लगत अद्यावधिक
- मुद्दामा पेस भएका सम्पत्तिको व्यवस्थापन
- फैसला भैसकेका ३७६२ थान मिसिलहरू विद्युतीय माध्यममा प्रविष्ट
- कागजातहरू म धुल्याउने कार्य
- मिसिल अभिलेखको Digitalize को सुरूवात
- दसीका सवारी साधनहरू कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा पठाइएको

विशेष अदालत
काठमाण्डौं
२०५९

१३. यो परिणाम हासिल गर्न हामीले केही फरक ढङ्गले काम गर्ने प्रयास गरेका छौं। जसमा

१. मुद्दा व्यवस्थापन
२. बहस व्यवस्थापन
३. कर्मचारी व्यवस्थापन
४. सरोकारवाला सम्बन्ध
५. सूचना प्रविधिको प्रयोग
६. सहयोगी हातहरूसँग हातेमालो
७. अदालतको सौन्दर्यीकरण
८. सुरक्षा प्रबन्ध मजबुत

१४. आगामी दिनको कार्यदिशा

- यस अदालतको स्मार्ट-कोर्ट बनाउने उद्देश्य पुरा गर्ने
- यस अदालत व्यवस्थापनलाई ISO 9001 Certification लिने उद्देश्यले काम गर्ने
- सेवाग्रवहीलाई न्यायमा पहुँचका कुनै पनि सुविधामा कमी नगर्ने प्रतिवद्धता
- मुद्दामा कानूनको म्याद नाघ्न नदिने
- सरोकारवालासँग निरन्तर अन्तरक्रिया
- कर्मचारी प्रशिक्षण
- सर्वोच्च अदालत, नेपाल सरकार र काठमाडौं महानगरपालिकासँग आर्थिक तथा भौतिक सहयोग, समन्वय र सकारात्मक सोचका साथ समन्वय
- मुलुकभित्र मात्र होइन विश्वका कुनै पनि कुनाबाट मुद्दाको पक्ष र साक्षीले प्रतिनिधित्व गर्न पाउने सुविधा उपलब्ध

१५. चुनौतीहरू

- बजेटको अपर्याप्तता
- उपयुक्त भवनको अभाव
- ऐनको दफा ५ अनुसार विशेष सुविधा प्राप्त नहुनु
- कार्यतर जनशक्तिको उत्प्रेरणा बढाउने साधन स्रोतको अभाव

अन्त्यमा, विशेष अदालतका उपलब्धी हासिल गर्न सहयोग र उत्प्रेरणा दिनुहुने विशेष सरकारी वकिल कार्यालय, विशेष अदालत बार एसोसिएसन, मुद्दाका पक्षहरु र प्रेस लगायत सम्पूर्ण शुभेच्छुकहरुप्रति हार्दिक आभार र धन्यवाद दिन चाहन्छौं।

मिति : २०८१।०३।३१

२०८१।३।३१

जितेन्द्रबाबु थपलिया
रजिस्ट्रार